भारतीय राजदूतावास

काठमाडौं

*****

# प्रेस विज्ञप्ति

## भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, पीभीएसएम, एभीएसएमलाई नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान

नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलको निमन्त्रणामा भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी नेपालको पाँच दिने औपचारिक भ्रमणका लागि हिजो काठमाडौं आइपुग्नु भयो । जनरल उपेन्द्र द्विवेदीलाई स्वागत गर्न प्रधान सेनापति महारथी अशोक राज सिग्देलका तर्फबाट उपरथी मधुकर सिंह कार्की, नेपालका लागि भारतीय रक्षा सहचरी कर्णेल वी सुब्रमण्यम तथा भारतीय राजदूतावासका अधिकारीहरु विमानस्थल पुगेका थिए ।

आज बिहानै जनरल उपेन्द्र द्विवेदीले एक मार्मिक समारोहका बीच काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा रहेको वीर स्मारकमा माल्यार्पण गरी श्रद्धान्जली अपर्ण गर्नुभयो । तत्पश्चात वहाँ नेपाली सेनाको मुख्यालय जंगी अड्डा पुग्नुभएको थियो जहाँ वहाँको सम्मानमा सेनाको एक टुकुडीद्वारा सम्मान गारत अर्पण गरिएको थियो । त्यसलगत्तै नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलसँग भेटवार्ता गरी दुवै पक्षबीच द्विपक्षीय रक्षा सहकार्यलाई अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो । वहाँलाई नेपाली सेनाको युद्धकार्य महानिर्देशनालय (डिजिएमओ) ले विस्तृत रुपमा ब्रिफिङ गरेको थियो । सेना पत्नी कल्याण संघ (भारत) की अध्यक्ष श्रीमती सुनीता द्विवेदीले सैनिक श्रीमती संघ (नेपाली सेना) का महिलाहरुसँग अन्तरक्रिया गर्नुभएको थियो ।

विशिष्ट एवम् अतुलनीय परम्परालाई निरन्तरता दिदै नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले मिति २०८१ मंसीर ६ गते एक विशेष समारोहका बीच भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, पीभीएसएम, एभीएसएमलाई नेपाली सेनाको मानार्थ महारथी पदबाट सम्मान गर्नुभयो । उक्त समारोहमा नेपालका सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादव, नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली, नेपालका माननीय रक्षामन्त्री श्री मानवीर राई, मुख्य सचिव श्री एकनारायण अर्याल, नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव, नेपाल सरकार रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका सचिवहरु, नेपाली सेनाका प्रधान सेनापति महारथी, नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरी बलका प्रमुख, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, नेपालका लागि भारतीय रक्षा सहचरी, भारतीय प्रतिनिधिमण्डल र दुवै देशका अन्य वरिष्ठ अधिकारीहरुको उपस्थिति थियो ।

काठमाडौं, नेपाल

२०८१ मंसीर ६

*****